नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय कमिटी/Central Committee

मिति : २०८०/०५/०७

# प्रेस विज्ञप्ति

हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को केन्द्रीय कमिटीको छैठौं बैठक यही मिति २०८० भाद्र ५-७ गते ललितपुर सम्पन्न भएको छ । अध्यक्ष कमरेड माधवकुमार नेपालको अध्यक्षतामा तथा महासचिव कमरेड घनश्याम भूसालले सञ्चालन गर्नु भएको बैठकमा पार्टीका सम्मानित नेता कमरेड झलनाथ खनालसहित १३१ केन्द्रीय कमिटी सदस्य कमरेडहरुले आ-आफ्ना धारणाहरु बैठक समक्ष राख्नु भएको थियो ।

बैठकमा पार्टी अध्यक्ष कमरेडले राजनीतिक तथा साङ्गठानिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । सम्मानित नेता कमरेड झलनाथ खनालले राजनीतिक प्रतिवेदनलाई परिष्कृत गर्न आफ्ना धारणाहरु प्रस्तुत गर्नु भएको थियो । पार्टी अध्यक्ष कमरेडले सम्मानित नेता कमरेड झलनाथ खनालले प्रस्तुत गरेका धारणाहरु पार्टीले आत्मसात गरेको, पार्टीलाई राजनीतिक तथा वैचारिक रुपले समृद्ध गर्न वैचारिक तथा राजनीतिक बहसहरु अनिवार्य हुने तथा बहस र सम्वादहरुले नै पार्टीलाई जीवन्त बनाउँने धारणा राख्दै पार्टीले सबै खाले विचारहरुको स्वागत गर्दछ भन्नु भयो ।

पार्टीका उपाध्यक्ष एवं नेपाल सरकारका कृषि तथा पशुपन्छी विकास मन्त्री कमरेड डा. बेदुराम भुसालले गठबन्धन सरकार सञ्चालनका राम्रा नराम्रा पक्ष, कार्ययोजना तथा सम्पादित कामहरुबारे बैठकमा जानकारी गराउनु भयो । साथै, पार्टीका उपमहासचिव एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री कमरेड प्रकाश ज्वालाले पनि आफ्नो मन्त्रालयले गरेका काम र योजनाहरुबारे केन्द्रीय सदस्यहरुलाई जानकारी गराउनु भएको थियो ।

उपमहासचिव कमरेड डा. गंगालाल तुलाधरले पार्टी कार्यालय सञ्चालनको कार्ययोजनाको विषयमा, उपमहासचिव कमरेड डा. विजय पौडेलले पार्टीले आगामी दिनमा सञ्चालन गर्ने राष्ट्रिय अभियानका विषयमा र उपमहासचिव कमरेड जगन्नाथ खतिवडाले पार्टी तथा जनसंगठनका सबै तहका विभागहरु सञ्चालन गर्ने योजना तथा कार्यपद्धतिका विषयमा बैठकमा प्रस्तावहरु राख्नु भएको थियो । बैठकले प्रस्तुत प्रस्तावहरु सुझावहरु सहित पारित गरेको छ ।

**बैठकले गरेका निर्णयहरु :**

- अध्यक्ष कमरेडले बैठक समक्ष प्रस्तुत गर्नु भएको राजनीतिक तथा साङ्गठानिक प्रतिवेदन सुझावसहित सर्वसम्मतिले पारित भएको छ ।
- नेकपा (एकीकृत समाजवादी)लाई मुलुकको नेतृत्वकारी कम्युनिष्ट पार्टी बनाउनु यो अवधिकालागि हाम्रो सबैभन्दा महत्वपूर्ण अभिभारा हो । देशभरी पार्टीको विस्तार गरी आगामी २०८३ सालको स्थानीय तहको निर्वाचनमा लड्ने र बहुसङ्ख्यक पालिकाहरुमा बहुमत ल्याउन सक्ने गरी पार्टीको निर्माण गरेरमात्रै त्यो अभिभारा पूरा गर्न सकिने छ र आगामी दिनमा हाम्रा सबै राजनीतिक र साङ्गठानिक प्रयासहरु त्यसकै लागि केन्द्रित हुनेछन् ।
- आगामी माघ १४ गतेदेखि १८ गतेसम्म पार्टीको दशौँ राष्ट्रिय महाधिवेशनको आयोजना गरिने छ ।

- आगामी असोजमा एक महिना नेकपा (एकीकृत समाजवादी) का मुद्दाहरु राष्ट्रलाई सुनाउने उद्देश्यका साथ मुलुकका रुपान्तरणकारी एजेण्डाका साथ मेची–महाकाली राष्ट्रिय अभियान आयोजना गरिने छ। सचिवालयले यसको विस्तृत योजना तयार गर्नेछ।
- ठूला सामाजिक तथा राजनीतिक पहलकदमीमा युवा समुदायको भूमिका सधैँ स्थापित छ। पार्टीमा युवाविद्यार्थीको सहभागिता बढाउने उद्देश्यले महाधिवेशन अघावै युवाविद्यार्थी लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- कार्यक्षेत्रको विभाजन गर्दा सामान्यतः संघीय निर्वाचन क्षेत्रलाई आधार बनाएर केन्द्रीय कमिटीका सदस्यको जिम्मेवारी तोकिने छ।
- मंसीर मसान्तसम्म कमिटी नभएका पालिका र वार्डहरुमा कमिटी गठन गर्नु र सबै कमिटीहरुले सदस्यताको वितरण गर्नु सङ्ठनका क्षेत्रको सबैभन्दा महत्वपूर्ण काम हुनेछ।
- सबै जनसङ्गठनले आगामी पार्टीको राष्ट्रिय महाधिवेशनलाई केन्द्रित गरी भदौ मसान्तसम्म सङ्गठन र प्रचारको योजना बनाएर कार्यान्वयन थाल्ने छन्।
- महाधिवेशनसम्म जाँदा केद्रीय कमिटी र निकायमा आवद्ध कमरेडहरुको कार्यक्षेत्रमा आवश्यक हेरफेर गर्न सचिवालयलाई जिम्मा दिइएको छ।
- विभिन्न समयमा पार्टीमा एकीकरण तथा समावेशन भई आउँदा गरिएको समझदारी मुताविक तथा आगामी कामको आवश्यकता र योग्यताको हिसाबले विभिन्न कमरेडहरुको जिम्मेवारीबारे निर्णय गर्नु पर्ने भएको छ। साथै, नेकपा एमालेबाट स्वतन्त्र रहनु भएकी कमरेड चन्द्रा श्रेष्ठले पार्टीमा सामाहित हुन इच्छा जाहेर गर्नु भएको कुरालाई स्वागत गर्दै उहाँलाई उपयुक्त जिम्मेवारी दिनु पर्नेछ। यसको सबै जिम्मा केन्द्रीय सचिवालयलाई दिइएको छ।
- पार्टीमा कुनै पनि कमिटीको बैठकका निर्णयअनुसार हरेक कमरेडले लिएका जिम्मेवारीको अनुगमन गर्ने अर्थात् उहाँहरुले कुन दिन कुन काम गर्नु भयो भन्ने समेतको जानकारी त्यही समयमै केन्द्रमा आउने व्यवस्था गरिनेछ। सदस्यताको आवेदन आवेदकले फोनबाटै गर्न सक्ने व्यवस्था गरिने छ। साथै, पार्टीका बारेमा सकेसम्म बढी सूचना पाउन सक्ने गरी पार्टीको डिजिटल एपको प्रयोगलाई प्रभावकारी बनाउँदै लगिने छ।
- १५ दिन पनि कार्यक्षेत्रमा समय दिन नसक्ने कुनै पनि तहका कमिटीका अध्यक्ष र सचिवहरुलाई उक्त जिम्मेवारीबाट मुक्त हुनका लागि आग्रह गरिन्छ र त्यस्ता कमरेडहरुलाई अन्य जिम्मेवारी प्रदान गरी निर्णय कार्यान्वयन गरिने छ।
- कमरेड टीकाराम रिजालले उमेरका कारणले गर्दा केन्द्रीय कमिटीमा रहेर काम गर्न असमर्थ भएको जानकारी बैठकलाई गराउँदै आगामी दिनमा नयाँ पुस्तालाई प्रेरित गर्दै निरन्तर पार्टी र क्रान्तिको काममा रहने इच्छा जाहेर गर्नु भएको छ। कमरेड टीकाराम रिजालले पार्टीमा रहेर आजसम्म सक्रियतापूर्वक निर्वाह गर्नु भएको योगदान र जिम्मेवारी परिवर्तन गर्न देखाउनु भएको प्रष्टताको प्रसंशा गर्दै आगामी दिनमा पनि उहाँबाट यथाशक्य योगदानको अपेक्षा गर्छ।
- एमसीसी सम्झौताको कार्यान्वयको अनुगमन गर्न र पार्टीका तर्फबाट जनतालाई सुसूचित गर्न पार्टीले अनुगमन समिती बनाउने छ।

- पार्टी कामको आवश्यकता अनुसार पार्टीका विभिन्न तहमा केही कमरेडहरुलाई मनोनित गर्नु पर्ने भएमा मनोनयन गर्ने जिम्मेवारी पार्टी केन्द्रीय सचिवालयलाई दिइएको छ ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा पारित प्रस्तावहरु :**

१. अहिले हाम्रो आर्थिक जीवन दिनानुदिन सङ्कटपूर्ण बन्दै गएको छ । न्युन पुँजीगत सरकारी खर्चले प्रभावित भैरहेको हाम्रो आर्थिक क्षेत्र लक्ष्यभन्दा ३२ प्रतिशत कम राजस्व उठेपछि अहिले राजस्व घाटा निराशाजनक अवस्थामा पुगेको छ । आर्थिक वृद्धिदर पनि उस्तै निराशाजनक छ, लक्ष्यभन्दा झण्डै आधा मात्रै हुनजाने अनुमान गरिँदैछ । उद्योग व्यवसायहरु धमाधम बन्द हुँदैछन् वा अति कम क्षमतामा चलेका छन् । यसबाट उद्यमीहरुमा निराशा बढ्दैछ, रोजगारीका अवसरहरु पनि दिनानुदिन साँघुरिँदै गएको छ र वैदेशिक रोजगारी र शिक्षाका लागि बाहिरिने युवाहरुको सङ्ख्या बढ्दैछ । उत्पादन मात्रै होइन मागमा पनि ह्रास आएको छ । उपभोक्ताको क्रयशक्ति घट्दैछ । यही अवस्थामा विप्रेषण, विदेशी मुद्रा सञ्चितीजस्ता बाह्य क्षेत्रमा देखिएको तथाकथित सुधार दिगो हुननसक्ने कुरा स्पष्ट छ । यसको अर्थ हामी अझ ठूलो सङ्कटतर्फ र आर्थिक मन्दीतर्फ जाँदैछौं । पार्टीको यो बैठक, वर्तमान आर्थिक अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दछ र पुँजीगत खर्च बढाउन, लगानी र उत्पादनको वातावरण बनाउन, उद्यमहरु डुब्न नदिन प्रभावकारी आर्थिक, वित्तिय तथा मौद्रिक नीतिहरुमार्फत् अर्थतन्त्रको वर्तमान निराशापूर्ण अवस्थामा जिम्मेवारीपूर्वक हस्तक्षेप गर्न सरकारसँग जोडदार मागगर्दछ ।

२. करिब ५५ प्रतिशत जनशक्ति कृषिमा आधारित भएको हाम्रो मुलुक खाद्यान्नमा समेत परनिर्भर हुँदै जानु हामी सबैका लागि ठूलो चिन्ताको विषय हो । पछौटे, निर्वाहमुखी र अव्यवस्थित कृषिलाई युगानुकूल रुपान्तरण गर्न राज्यले जिम्मेवार भूमिका नखेल्दा नेपाल बेरोजगारी, गरिबी र परनिर्भतरताको दुष्चक्रतर्फ धकेलिँदै गएको छ । कृषि क्षेत्रमा ठोस र योजनाबद्ध कार्यक्रमद्वारा सबै कृषकले कृषिकर्मबाटै न्युनतम आवश्यकता पूरा गर्न सक्ने कृषि व्यवस्थाको लागि राज्यले पहल गर्नै पर्ने भएको छ । सिंचाई व्यवस्था गर्दै बिउ, मललगायत कृषिजन्य उत्पादनका सामग्रीहरू सस्तो तथा सुलभ बनाउनु, सस्तो व्याजदरमा कृषि ऋण र बालि/वस्तुको प्रभावकारी बीमाको व्यवस्था गर्नु र हरेक कृषकका लागि प्राविधिक सेवाको सुनिश्चितता गर्दै सबै बालि/वस्तुको न्युनत्तम समर्थन मूल्य तोकेर कृषकले न्युनतम बचत गर्न सक्ने व्यवस्था गर्नु पर्छ । यसरी ठूलो मात्रामा रोजगारी सृजना गरी उत्पादन बृद्धि गर्दै आत्मनिर्भर बन्ने, कृषिबाट भैरहेको श्रमशक्ति पलायन रोक्ने र कृषिमा खपत नहुने श्रमशक्तिलाई उद्योगमा स्थानान्तरण गर्दै मुलुकलाई समृद्धि र समाजवादको बाटोमा अगाडि बढाउन अब ढिलो भैसकेको छ । यो बैठक, कृषि क्षेत्रमा ठोस, योजनाबद्ध र प्रभावकारी कार्यक्रम अवलम्बन गर्न सरकारसँग माग गर्दछ ।

३. नेपाली कच्चा पदार्थमा आधारित उद्योगहरुका लागि लगानीको वातावरण तयार गर्न, औद्योगिक विकासलाई तीब्रता दिन, व्यवस्थापनमा सुधार गर्दा नाफामा जान सक्ने सार्वजनिक संस्थानहरूलाई सुचारु गर्न, औद्योगिक क्षेत्रको पूर्वाधार विकासमा तदारुकता देखाउन तथा लगानीमैत्री कानून एवम् छिटो-छरितो कार्यबिधि निर्माण गर्न यो बैठक सरकारसँग माग गर्दछ । साथै, कोभिड-१९ को महामारीपछि सबैभन्दा आक्रान्त र धरासायी भएका साना तथा मझौला उद्यमहरूलाई ऋण तथा अन्य सुविधाहरु सरकारले तुलनात्मक रुपमा कम दिएकाले त्यस तर्फ गम्भीरतापूर्वक ध्यान दिँदै वित्तीय सुविधामा निश्चित व्यावसायिक घरानाहरुको मात्र पहुँच हुने

वर्तमान वित्तीय एकाधिकारको स्थितिको अन्त्य गरी अधिकतम रोजगारी सृजना गर्ने साना तथा मझौला व्यवसायीहरुलाई प्रोत्साहन गर्ने नीति तय गर्नका साथै नेपालमा आयात हुने तयारी माल/बस्तुमा भन्सार कम गर्ने तथा कच्चा पदार्थको आयातमा भन्सार दर बढी हुने व्यवस्थाहरुको अन्त्य गरी उत्पादनमैत्री कानूनी व्यवस्था गर्न पनि यो बैठक माग गर्दछ ।

५. आम जनताका दैनिक उपभोग्य सामानहरूको मूल्य आकाशीयको परिस्थितिप्रति यो बैठक चिन्ता व्यक्त गर्दछ । आपूर्तीकर्ता वा व्यापारीद्वारा कृत्रिमरूपमा मूल्य बढाइएको तर्फ सरकार गम्भीर बन्न र कृत्रिमरुपमा बढाईएको मूल्य नियन्त्रण गर्न तथा बजार अनुगमन प्रभावकारी बनाउन र उपभोक्ताका अधिकारको रक्षा गर्न यो बैठक जोडदार माग गर्दछ ।

६. आर्थिक जीवनका समस्याको सबैभन्दा मार श्रमजीवीहरुमाथि पर्छ । त्यसैले उचित ज्याला व्यवस्था गर्दै अनौपचारिक क्षेत्रका श्रमजीवीहरुलाई पनि सामाजिक सुरक्षा कोषमा समावेश गर्न तथा श्रम निरिक्षण प्रणालीजस्ता संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थालाई प्रभावकारीरुपमा लागू गर्दै श्रमको अवस्थामा सुधार ल्याउन र राष्ट्रिय श्रम आयोग गठनका लागि आवश्यक निर्णय गर्न यो बैठक नेपाल सरकार र सम्बन्धित सबै सरोकारवालासँग जोडदार माग गर्दछ ।

७. मुलुकका विभिन्न भागमा, खासगरी मधेशमा भूमिहीन तथा मध्यम किसानहरु मीटरव्याजको समस्याबाट पीडित भएको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दछ । आजको लोकतान्त्रिक गणतन्त्रमा सुदखोरीको यस्तो निकृष्टरुप अझै पनि कायमै रहनु खेदजनक छ । मिटरब्याजका विरुद्ध तदारुकताका साथ ऐन बनाएर कार्यवाही शुरु हुनु सकारात्मक छ तर अहिले पनि मिटरब्याज पीडितहरुले पाइलापाईलामा अनेक सास्ती ब्यहोरिरहेको अवस्थालाई ध्यान दिई उनीहरुले सहजरुपमा न्याय पाउँछन् भन्ने ग्यारण्टी गर्न नेपाल सरकारसमक्ष यो बैठक जोडदार माग गर्दछ ।

८. सहकारी क्षेत्रमा रहेको विसङ्गति र बेथितिले अहिले कतिपय सहकारीका सर्वसाधारण शेयर सदस्य तथा बचतकर्ताहरुको लगानी डुब्ने अवस्था भएको छ । यो विकराल समस्याको तत्काल समाधान गर्न पीडित सर्वसाधारणको लगानी संरक्षित हुने व्यवस्था गर्न नेपाल सरकारसँग यो बैठक माग गर्दछ । साथै, दीर्घकालीनरूपमा आवश्यक कानूनी व्यवस्थासहित नियमित अनुगमन तथा नियमनको व्यवस्था गर्न तथा उत्पादनमा संलग्न सहकारीहरुलाई प्रोत्साहित गर्ने विशेष व्यवस्था मिलाउन यो बैठक नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

९. हालैका दिनमा नेपाल सरकारले भ्रष्टाचारका विरुद्धमा देखाएको सकृयताले जनतामा आशा जगाएको

छ । राज्य र समाजको माथिल्लो तहसम्म संस्थागत हुँदै गएको भ्रष्टाचारलाई नियन्त्रण र उन्मुलन गर्दै सुशासन र समृद्धिको वातावरण निर्माण गर्न आवश्यक सबै तरिका अपनाउन यो बैठक सरकारलाई आह्वान गर्दछ । साथै, भ्रष्टाचार विरुद्धको अनुसन्धान तथा कार्यवाही कुनै पनि बहानामा नरोकियोस् भन्ने कुरामा यो बैठक विशेष जोड दिन्छ ।

१०. यो बैठक, वर्षाका कारण हुन जाने बाढी, पहिरो, डुवान तथा कटानबाट नागरिकको ज्यान तथा सम्पत्तिको रक्षा तथा आवश्यक खोज, उद्धार, राहत तथा पुनर्स्थापनाको पूर्वतयारीका साथै विपद् व्यवस्थापन गर्ने कामलाई जोडदाररुपले अघि बढाउन नेपाल सरकारलाई आह्वान गर्दछ ।

११. यो बैठक, हाल हाम्रो देशभरी पशुहरुमा महामारीका रुपमा फैलिरहेको संक्रामक रोग लम्पी स्कीनले ठूलो क्षति पुर्याएकोप्रति चिन्ता व्यक्त गर्दछ । साथै, उक्त रोगको नियन्त्रणका लागि आवश्यक सबै उपाय अवलम्बन गर्न र मर्कामा परेका कृषकको राहतको व्यवस्था गर्नसमेत सरकारसँग माग गर्दछ ।

१२. देशका विभिन्न स्थानहरुमा दलितको घर जलाउने, निर्माणाधिन घर भत्काउने, अन्तरजातीय विवाह गर्नेहरुलाई झुटा मुद्दामा फसाउने लगायतका दलित माथी हुने जातीय छुवाछुत र भेदभावको घटनाको यो बैठक घोर भत्सना गर्दछ । जहाँ जातीय छुवाछुत र भेदभाव त्यहाँ नेकपा (एकीकृत समाजवादी)को प्रतिरोधको नीति अवलम्बन गर्न सम्पूर्ण पार्टी पङ्क्तिलाई निर्देशित गर्छ । साथै, जातीय छुवाछुत जस्तो जघन्य अपराधलाई नियन्त्रण गर्न आवश्यक कदम नेपाल सरकारसँग यो बैठक जोडदार माग गर्दछ ।

१३. यस वर्ष तराईमा कम पानी परेकाले भूमिगत पानीको स्रोतहरु सुकी खानेपानीको लगायतको गम्भीर समस्या जनताले व्यहोर्नु परेको छ । खानेपानी समस्या समाधानका लागि यो बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउँद छ ।

१४. नेपाली किसानहरुले भोग्नु गरेका समस्या समाधानका लागि हाम्रो पार्टी लगायतका वाम पार्टी आवद्ध ६ वटा किसान संघहरुले प्रधानमन्त्री समक्ष पेश गरेका मागहरुलाई सम्बोधन गर्न यो बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउँद छ ।

१५. शिक्षक कर्मचारीहरुका जायज मागहरुको सम्बोधन गर्न यो बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउँद छ ।

१६. साविक प्रदेश नं १ को नाम प्रदेश सभाद्वारा 'कोशी प्रदेश' राखिएपछि उत्पन्न विवादले आन्दोलनको रुप लिएको छ । नेपाली जनताको धेरै लामो सङ्घर्ष र संविधान सभाको ठूलो प्रयासबाट संविधान निर्माण भएको तथ्यलाई ध्यान दिँदै नेपाली जनताको एकता तथा साझेदारीको ऐतिहासिक परम्परा र हामीले विकसित गरेका लोकतान्त्रिक मान्यताअनुरुप हाम्रा सबै समस्याको समाधान गरिनु पर्छ भन्ने कुरामा जोड दिँदै यो बैठक सम्बद्ध सबैलाई आह्वान गर्दछ ।

१७. प्राग्ऐतिहासिक कालदेखि आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक साझेदारी गर्दै सँगसँगै अगाडि बढ्दै हामी नेपालीहरु हाम्रा जातीय, साँस्कृतिक, भाषिक, क्षेत्रीय लगायत अनेकौं विविधताका साथ एउटै नेपाल राष्ट्रका रुपमा विकसित र सुदृढ हुँदै गएका छौं । एकताबद्ध भएर चुनौतिहरुको सामना गर्दा हामीले असाधारण उपलब्धी प्राप्त गरेका छौं भने एकताबद्ध नहुँदा हामीले धेरै कुरा गुमाउनु परेको छ । एकअर्काका सम्वेदनशीलताको सम्मान गर्दै हामी एकताबद्ध भएका हौं र ठूल्ठूला साम्राज्यको समेत सामना गर्दै हाम्रो स्वाधीनता र स्वाभिमान जोगाउँदै आएका छौं । यो हाम्रो गौरवको इतिहास हो । तर, नेपाली सामाजिक संस्कृतिको सर्वोत्तम विशेषताको विपीरत हुने गरी केही समयदेखि देशका बिभिन्न स्थानहरुमा जातीय सद्भाव, धार्मिक सहिष्णुता, र पारस्परिक सम्मानमा आँच पुर्‍याउने गतिविधि भईरहेको अवस्थाप्रति हाम्रो पार्टी गम्भीर चिन्ता व्यक्त गर्दछ । नेपालको संविधानले नै धर्म परिवर्तन गराउन निषेध गरेको भएता पनि यो क्रम नरोकिएको तथा बिभिन्न संस्थाहरुको सन्देहजनक गतिबिधिमा बृद्धि भएको

हुँदा यस प्रकारका गतिबिधिहरुले देशको राष्ट्रिय एकताको भावधारामा गम्भीर क्षति पुग्न सक्ने कुराप्रति हाम्रो पार्टीको ध्यानाकर्षण भएको छ । हाम्रो पार्टी जातीय, भाषिक, धार्मिक तथा साँस्कृतिक विद्वेष फैलाउने प्रकारका गतिबिधिहरुको गहिरो अध्ययन गरी त्यसलाई रोक्न प्रभावकारी कदम चाल्न नेपाल सरकारसँग जोडदार माग गर्दछ । यसैगरी जुनसुकै जाती, भाषा धर्म र सस्कृतिको अनुयायी भए पनि हामी सर्बप्रथम नेपाली हौ र नेपालको राष्ट्रिय हीतभन्दा माथि अरु कुनै कुरा हुँदैन भन्ने गर्वबोध गरी सबै क्षेत्रमा उच्च स्तरको सहिष्णुता र सहकार्यका साथ सामाजिक तथा राष्ट्रिय एकतालाई समृद्ध गर्न आम जनसमुदायलाई यो बैठक हार्दिक अपिल गर्दछ ।

१८. एमसीसी सम्झौता ठूलो विवादका बीच नेपालको हित रक्षाको प्रत्याभूतिका लागि संसदबाट व्याख्यात्मक घोषणा गरिएको तथ्य स्मरण गराउँदै त्यसको कार्यान्वयनको वर्तमान अवस्थाबारे सार्वजनिक जानकारी गराउन र संसदले व्याख्यात्मक घोषणालाई सम्झौताका अङ्ग बनाएर पारित गरेको हुँदा त्यसै अनुसार भए/नभएको अनुगमन गर्न संसदीय समिती बनाउन सरकारसँग जोडदार माग गर्दछ ।

१९. नेपाल–भारत बीचको सम्बन्धलाई असल छिमेकी राष्ट्रको हैसियतले आपसी हित, पारस्परिक सहयोग तथा विश्वासिलो मित्रता प्रबर्द्धन गर्नका लागि सन् १९५० को सन्धीलगायत असमान सन्धीहरु पुनरावलोकन गर्न, लिम्पियाधुरा–लिपुलेक–कालापानीलगायत भारतद्वारा मिचिएका भूभाग फिर्ता ल्याउन, सीमा क्षेत्रमा भारतले निर्माण गरेका बाँध र संरचनाले उत्पन्न गरेका डुबान लगायतका समास्या समाधा गर्न र नेपाल–भारतका बीच आकासिँदै गएको व्यापार घाटाका समस्याहरु समाधान गर्न ठोस कूटनीतिक पहलकदमी लिन नेपाल सरकारसँग यो बैठक जोडदार माग गर्दछ ।

२०. रुस–युक्रेन युद्ध लम्बिँदै र जटील बन्दै गएको, हतियारको अत्यधिक प्रयोग बढ्दै गएको र धनजनको क्षति त्यहि रुपमा बढ्दै गएको छ । त्यसले आर्थिक विकासमा बाधा, खाद्यान्नको अभाव, महङ्गी, विश्व व्यापारमा तथा रोजगारीमा गिरावट, इन्धनको मूल्यमा बृद्धिजस्ता नकारात्मक प्रभाव बढ्दै गएका छन् र विश्व आर्थिक मन्दीका सम्भावना बढ्दै छ । यो बैठक युद्धरत मुलुकहरु तथा यस युद्धमा प्रत्यक्ष–अप्रत्यक्षरुपले सङ्लग्न मुलुकहरुलाई संयमित हुन र वार्ताद्वारा समस्याको समाधान गर्न अपील गर्दै त्यसमा प्रभावकारी भूमिका खेल्न संयुक्त राष्ट्र सङ्घलगायत अन्तर्राष्ट्रिय संस्थाहरुलाई आह्वान गर्दछ ।

२१. जलवायु परिवर्तन, वातावरणीय सङ्कट, पुँजीको प्रतिस्पर्धामा प्रविधिको तिब्र होडले निम्त्याएको खतरा, सूचनामा एकाधिकार, युद्ध तथा द्वन्द्वले सिर्जना गरेको विस्थापन तथा शरणार्थी सङ्कट, अभाव र भोकमरीजस्ता आज दुनियाँले ब्यहोरिरहेका समस्याहरुको मुख्य कारण आजको विश्व पुँजीवादी साम्राज्यवाद हो र त्यसका दुस्परिणामहरुले मानवजातीको भविष्य अनिश्चित बन्दै गएकोतर्फ चिन्ता व्यक्त गर्दै त्यसका विरुद्ध संसारभरीका क्रान्तिकारी, प्रगतिशील तथा न्यायप्रेमी जनताले चलाएका सबैखालका अभियान, आन्दोलन तथा प्रतिरोधसँग ऐक्यबद्धता प्रकट गर्दछ ।

२२. हाम्रो पार्टीका केन्द्रीय कमिटी सदस्यहरु कमरेड सरोजकुमार उपाध्याय तथा अर्जुन बुढाथोकी र पाल्पा जिल्ला कमिटी अध्यक्ष कमरेड खिमानन्द पाण्डेयको असामयिक निधन भएकोमा यो बैठक

उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जिली व्यक्त गर्दछ । उहाँहरुको परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ । त्यसै गरी हाम्रो पार्टीका महासचिव कमरेड घनश्याम भूसालका पिता श्री जगन्नाथ भुसाल, पोलिटव्युरो सदस्य कमरेड महेश रेग्मीमा पिता तथा केन्द्रीय कमिटी सदस्य कमरेड सावित्रा रेग्मीका ससुरा श्री हरिप्रसाद रेग्मी, पोलिटव्युरो सदस्य कमरेड गोपाल बरालको आमा श्रीमती नानी बराल, केन्द्रीय कमिटी सदस्य कमरेडहरु सेवन्तराज भण्डारीका पिता श्री डिल्लीराज भण्डारी, कमरेड घनप्रसाद गौतमको आमा श्रीमती पदमकुमारी गौतम, कमरेड शंकर कुवँरका पिता श्री प्रेमबहादुर कुवँरको असामयिक निधन भएकोमा यो बैठक उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ । परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ । साथै, देशभर बाढी-पहिरो, सडक दुर्घटनामा र डेङ्गी महामारी लगायत विभिन्न कारणले निधन हुनेहरु सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ ।

हार्दिक अभिवादन सहित ।

........................
घनश्याम भूसाल
महासचिव